# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, भदौ १२ गते २०४२ साल ( अतिरिक्ताङ्क २५


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ

२०४२ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल विशेष सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल अधिराज्यको सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सेवा" भन्नाले दफा ३ बमोजिम गठन हुने नेपाल विशेष सेवा सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालय र सोअन्तर्गतको क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय जनसम्पर्क कार्यालय सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. नेपाल विशेष सेवाको गठनः (१) श्री ५ को सरकारले नेपाल विशेष सेवाको गठन गर्न सक्नेछ ।

(२) नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

४. जनसम्पर्क कार्यालयको स्थापनाः (१) सेवासम्बन्धी कार्य सञ्चालन गर्न गृह मन्त्रालयअन्तर्गत विभागीयस्तरको नेपाल जनसम्पर्क प्रधान कार्यालय स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालयको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकतानुसार क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय जनसम्पर्क कार्यालयहरू स्थापना हुन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालय तथा सोअन्तर्गतका कार्यालयहरू यसै ऐनबमोजिम स्थापना भएको मानिनेछ ।

५. कार्यालयको काम, कर्तव्य र अधिकार : कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

६. कर्मचारीको नियुक्ति तथा सेवा शर्त : सेवाको कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा र बर्खासी तथा सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

७. बचाउ : (१) दफा ९ बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दामाबाहेक सेवाका कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्यपालनाको सिलसिलामा सङ्कलन गरेको खबर कहिले, कसलाई दिएको वा के कस्तो खबर सङ्कलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालतसमक्ष प्रश्न गरिने र उपस्थिति गराइनेछैन ।

(२) कार्यालयमा रहेको गोप्य कागजात अधिकारप्राप्त अधिकारीबाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालतमा प्रस्तुत वा प्रकट गर्न कसैलाई बाध्य गराइनेछैन ।

८. निषेधित काम : (१) सेवाको कर्मचारीले आफ्नो पदको दुरुपयोग गर्न वा सेवाको काममा लगाइएका अन्य व्यक्तिले आफ्नो कर्तव्य बखिलाप काम गर्न हुँदैन ।

(२) सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले सेवामा वा सेवाको काममा छँदै वा सेवाबाट वा सेवाको कामबाट अलग भई सकेपछि पनि सेवाको कामसम्बन्धी गोप्यता कुनै तरीकाले भङ्ग गर्न हुँदैन ।

९. दण्ड सजाय : यस ऐनको बखिलाप काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका कुनै व्यक्तिलाई कसूरको मात्रा हेरी जन्म-कैदसम्म सजाय वा सर्वस्वसहित जन्म-कैद वा मृत्युदण्ड हुनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिबाट धन-सम्पत्तिको नोक्सान भएको रहेछभने सो क्षति निजको आफ्नो अंशभागको हुने चल अचल सम्पत्ति लिलाम गरी त्यसबाट भराइनेछ । त्यसरी भराईदिंदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकमबापत प्रचलित कानूनबमोजिम जरिवाना नतिरेसरह गरी कैद हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मुद्दा हेर्ने अधिकार : (१) यस ऐनअन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐनअन्तर्गतका मुद्दामा कारवाई र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।

तर यस ऐनबमोजिमको अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा विशेष अदालत ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (छ) मा वा अन्य प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने मनासिब कारण भए सो र सो सम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्नेछ । यसरी पर्चा खडा गरी थुनामा राखी पुर्पक्ष गरेकोमा थुनुवा-पर्चा-उपर कुनै प्रश्न उठाई उजुरी गर्न पाइनेछैन ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेश-उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तो पुनरावेदनको कारवाई र किनारा सर्वोच्च अदालतको घटीमा तीन जना न्यायाधीशको इजलासबाट हेरिनेछ ।

११. बन्द इजलासमा कारवाई हुने : यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कारवाई र निर्णय गर्दा बन्द इजलासमा गरिनेछ ।

१२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारले सार्वजनिक रूपमा प्रकाश गर्नेछन ।

लालमोहर सदर मितिः– २०४२।५।१२।४

आज्ञाले,
ध्रुवबरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२२